# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



सुचना, विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।




वर्ष–२ | अंक–२९ | २०७४ माघ १७ गते बुधबार | 31 january 2018 Wednesday | मूल्य रू. १०/-


## सडक हस्तान्त्रणपछि रोजगार खोज्दै रास्कोटवासी

**मिसन न्यूज**

**कालिकोट–** रास्कोट नगरपालिका– १ लहरेलाका टेकबहादुर शाही विगत दुई बर्षदेखि सडक निर्माण समुहमा काम गर्थे । शाही दिको न्युनतम ६ सय रुपैयाँ कमाउथे । दिनको ६ सयका दरले महिनामा १८ हजार कमाइ उनले गर्थे । २ वर्ष अघि रास्कोटको सान्नीगाड देखि सिप्खानासम्मको सडक निर्माणमा उनि काम गर्दै आएका हुन् । नेपाल सरकार र बेलायत सरकारको अन्तराष्ट्रिय विकास विभागको सहयोगमा ग्रामीण पहुँच कार्यक्रम तेस्रो रास्कोटमा संचाल भएको थियो । टेकबहादुर जस्तै रास्कोटका २ हजार भन्दा धैरै स्थानीयले मजदुरी गरेर रोजगार पाएका थिए । तर, ग्रामिण पुहँच कार्यक्रमले निर्माण कार्य सम्पन्न हुँदा अव रोजगारीबाट टाढाँ भएको शाहीले अनुभुती गरेका छन् । बुधवार उक्त सडक रास्कोट नगर पालिकालाई हस्तान्त्रण समेत गरियो । रास्कोटका करिव २ हजार स्थानीयले मजदुरी गरेर जिविकोपाजर्न गरेका थिए । सडक हस्तान्त्रणसंगै स्थानीयलाई रोजगारी कहाँ पोउँने ? भन्ने ठुलो चुनौती छ । नगरपालिकाबाट काम पाउँने आसा स्थानीयले मारिसकेका छन् । स्थानीवासीले स्थानीय चुनावपछि अव विकास र रोजागर गाउँमा आयो सोचेका थिए । तर, रोजगारको नाममा रास्कोटमा डोजर आतंक भईरहेको छ । रास्कोट नगरपालिकाले जनप्रतिनिधि पाएको एक बर्ष वित्नै लाग्दा पनि अहिलेसम्म सडक निर्माण गर्ने डोजर खरिदमै नगर प्रमुख कासीचन्द्र बराल व्यस्त छन् । नगर प्रमुखको डोजर खरिद गर्ने निर्णयमा उप प्रमुख मिमसरा शाहीलगायतका जनप्रतिनिधि सहमत छैनन् । ग्रामिण पहुँच कार्यक्रमले जनशक्ति प्रयोग गरेर निर्माण गरेको सडकको उदाहरण दिदै वडाध्यक्ष नरजंग शाहीले भने, 'स्थानीयवासीले रोजगार पनि पाएका थिए । विकास पनि भएको थियो । बाँकी रहेका ग्रामिण स्तरमा सडक निर्माण समिति नै बनाएर काम गर्दा राम्रो हुन्थ्यो । तर, नगर प्रमुखले जनतालाई दिने सुविधा डोजरलाई दिने भए ।' सडक हो । नेपाल सरकार र बेलायत सरकार को अन्तराष्ट्रिय विकास विभागको सहयोगमा, ग्रामीण पहुँच कार्यक्रम तेस्रोले सडक निर्माण गरेका हो । डिसम्बर २०१७ सम्म सान्नीघाट देखि सिप्खानासम्म १८ किलोमिटर सकड निर्माण भएको थियो । २२ हजार ८ सय २४ जनसंख्या रहेको रास्कोट नगर पालिकामा सडक सुविधा भएको छ । सडक निर्माण सुरु भएको ४ बर्ष ३ महिनासम्म १४ सय ४० जना स्थानीय सडक निर्माण समुहमा आवद्ध भएर रोजकागारी भएका थिए । ग्रामिण पहुँच



हस्तान्त्रणपछि यहाँका अधिकांस स्थानीय रोजकार विहिन हुने देखिन्छन् । स्थानीयले ग्रामिण पुहँच कार्यक्रममो विदाइ हुँदा निराशा बनेका छन् ।

**सडक हस्तान्त्रण**

सान्नीघाट–स्युना हुँदै सिप्खानासम्मको सडक निर्माण कार्य पुरा भएपछि हस्तान्त्रण गरिएको छ । अक्टोवर सन् २०१३ बाट निर्माण कार्य सुरु भएको सडक निर्माण सम्पन्न भएपछि रास्कोट नगरपालिकालाई हस्तान्त्रण गरिएको कार्यक्रमले ३२ करोड ८१ लाख लागतमा सडक निर्माण गरेको थियो । त्यसमध्येको ३० करोड १२ लाख ८० हजार मजदुरलाई ज्याला भुक्तानी गरेर खर्च भईसकेको जनाइएको छ । ३० करोड १२ लाख ८० हजार मजदुरले पाएका छन् । तत्कालीन जिल्ला विकाससंग समन्वय, भिडिसिफको साझेदारीमा संचालित ग्रामीण पहुँचकार्यक्रम तेस्रो चरण राम्नाकोटमा लागु भएको थियो ।

बाँकी ५ पृष्ठमा....

## स्थानीय तहमा डोजर आतंक

**मिसन न्यूज**

**कालिकोट–**जिल्लाका अधिकांश स्थानीय तहले वातावरणीय मूल्यांकन र कार्यविधि बिना नै डोजर लगाएर विकास निर्माणका कार्य गर्न थालेका छन् । स्थानीय तहहरूले सडक निर्माण, फिल्ड निर्माण र अन्य विकास निर्माणका काममा डोजर लगाउने गरेका हुन् । कालिकोटमा रहेका ६ गाउँपालिका र ३ वटा नगरपालिकामध्ये अधिकांश गाउँपालिका र नगरपालिकामा सडकलगायतका भौतिक पूर्वाधारका काममा डोजर प्रयोग भइरहेको पत्रकार पवित्रकुमार शाहीले बताए । 'स्थानीय तहले डोजरको प्रयोग गरेर विकास निर्माणकार्यमा तीव्रता दिएका छन्' उनले भने, 'यसरी डोजर प्रयोग गर्दा कार्यविधि बनाएको पाइएको छैन ।' कहाँकहाँ भएका छन् डोजर प्रयोग जिल्लाको कालिका गाउँपालिकाको भर्ता सेरीघाट सडकखण्ड, तिलागुफा नगरपालिकाको चिल्खाया सडकखण्ड, रास्कोट नगर पालिका विभिन्न सडकखण्ड र खाँडाचक्र नगरपालिकाले डोजरको प्रयोग गरेका छन् । जिल्लामा कति डोजर कहाँ प्रयोग भइरहेका छन् भन्ने एकिन जानकारी

बाँकी ५ पृष्ठमा....

## घुस लिँदा १३ जनालाई एड्स

**मिसन न्यूज**

**काठमाडौं –** छिमेकी देश भारत, भारतको पनि गोरखपुर । जहाँ एउटा महिलाले राज्यले दिने रासन कार्ड र विधवा पेन्सन भत्ता लिन कतिसम्म मूल्य चुकाउनु पर्दोरहेछ भन्ने घटना पटाक्षेप भएको छ र सिंगो भारतको शासन व्यवस्थालाई कटाक्ष गरेको छ । गोरखपुरको भटहट गाउँको घटना हो यो । जहाँ गाउँका १३ जनालाई एकैपटक एड्स भएको छ र त्यसको कारण हो उनीहरुको घुस्याहा चरित्र । घुस लिँदा कसरी एड्स हुन्छ भन्नुहोला, तर यहाँ एकजनालाई होइन, १३ जनालाई एड्स भइसकेको छ । त्यतिमात्र होइन भारतमा सुशासन सुयिो, गरिबको दिन आयो भनेर मोदी सरकारले लगाउने नारामै मोसो दलिएको छ ।

**'काम त हुन्छ तर सुत्नुपर्छ'**

६ वर्षअघि भटहट गाउँमा २४ वर्षीया महिला नयाँ दुलही बनेर आइन् । मुम्बईमा रहन्थे पति । कारखाना मजदुर थिए । तीनवर्षमै उनको निधन भयो । बिरामी भइरहन्थे, मरे । गरिबको मृत्युको कहाँ हिसाब राखिन्छ र ? पति मरे, बालबच्चा पनि भएन । अब गाउँमा सहयोग गर्ने पनि कोही भएनन् । रासन कार्ड र विधवा भत्ताका लागि महिला धाउन थालिन् । सहुलियत कार्ड भए बाँच्न सकिन्थ्यो । गाउँकै एउटा जानकार सँग मदत मागिन् । उनले गाउँका प्रधानलाई भेट्टाए । प्रधानले सचिवलाई भेट्टाइ । सरकारी कार्यालयमा अरु बिचौलिया पनि हुन्छन् । सबैले काम हुन्छ भने र मागे थोरै घुस । एउटा विधवा गरिबसँग के हुन्छ र घुस दिन ? सबैले हाकाहाकी भने, 'काम गर्ने भए हामीसँग सुत्न पर्छ ।'

मान्छे बाध्यतामा परेपछि बाँच्नलाई के गर्दैन ? उनले एउटै विकल्प त्यही देखिन् र सम्बन्ध राखिन् । र, गाउँका १३ जना जसलाई एड्स भएको छ, यी सबै तिनै हुन्, जसले रासन कार्ड र विधवा भत्ताका लागि यिनलाई शोषण गरिरहे ।

'घुस त जे हुन्छ, त्यही दिने हो'

बाँकी ७ पृष्ठमा..

## सम्पादकीय

### डोजर आतंक किन ?

स्थानीय निर्वाचन सम्पन्न भएको एक बर्ष वित्नै लाग्यो । तर, विकासको नाममा कामको गति न्युन छ। प्रदेश ६ को कालिकोटमा झनै सुस्त रुपमा काम भएको छ । कालिकोटका ९ स्थानीय तह मध्ये एक–दुई गाउँपालिका र नगरपालिका बाहेक अन्यमा विकासे काम भएको छैन् । स्थानीय तहमा अहिले डोजर आतंक चलिरहेको छ । टेन्डर आव्हान गरेका स्थानीय तह बाहेकका ठाउँमा डोजर आतंक मच्चिएको हो । जिल्लाको रास्कोट नगरपालिकालगाएतका स्थानीय तहमा डोजरले निकै चर्चा पाएको छ । रास्कोटमा विगत चार बर्षदेखि काम गर्दै आएको ग्रामिण पुहुँच कार्यक्रमले स्थानीयवासीलाई सडक निर्माण समुहमा समेटेर रोजगार दिएको थियो । तर हाल सडक निर्माण पुरा भएपछि नगरपालिकालाई हस्तान्त्रण हुँदा रास्कोटवासी बेरोजगार जस्तै भएका छन्। २ हजार भन्दा धेरैको संख्यामा सडक निर्माणमा रोजगार पाएका स्थानीय अहिले घरमै खाली वसेका छन् । रास्कोट नगरपालिकाले एक करोडभन्दा धेरैको मुल्लय हालेर सडक खन्न डोजर खरिदको प्रक्रिया सुरु गरेको छ । अव डोजरले रोजगारी पाउँने भएपछि स्थानीय निराश छन् । प्राकृतिक रुपमा जिल्लाकै समथल भुभाग भएकाले पहिलो चरमा डोजर भन्दा पनि जनशक्ती लाई नै नगरले प्राथामिकता दिनु उचित होला ।

# बदलिँदो नागरिक समाज

**हंशराज जोशी**

पछिल्लो समयमा राज्यले चालेका केही कदम तथा निर्णयहरूका पक्ष-विपक्षमा र ती कार्यहरूलाई नागरिकमैत्री बनाउन विभिन्न माध्यमबाट आवाज मुखरित भए र ती आवाजहरूको दममा कतिपय निर्णयउपर समीक्षा भयो र कतिपय निर्णय सच्याइए । यसरी विभिन्न माध्यमबाट नागरिक आवाज उठ्नु र राज्यले ती आवाज सुन्नु नागरिक समाजको भूमिका तथा यसमा आएको संरचनागत परिवर्तनमाथि गर्ने विमर्शका लागि एउटा नयाँ संस्करण हुन सक्छ । नागरिक अभियानमा देखापरेको परिवर्तित आयामलाई इ-नागरिक (इ-सिभिल सोसाइटी) समाज र अनौपचारिक नागरिक (इनफर्मल ग्रुप्स) समाजका रूपमा पनि विश्लेषण गर्न सकिन्छ ।

मानवशास्त्री सौभाग्य शाहले 'सिभिल सोसाइटिस इन अनसिभिल प्लेसेस' भन्ने जर्नल आलेखमा ०६२ र ०६३ को दोस्रो जनआन्दोलनका बेलामा गठन भएको 'शान्ति र लोकतन्त्रका लागि पेसागत महासंघ (पापड)'को सक्रिय तथा समन्वयकारी भूमिका र तत्कालीन समयमा संसदीय व्यवस्थामा रहेका सात राजनीतिक दल तथा शान्ति प्रक्रियामा आउँदै गरेको माओवादी लगायतको बलजोडका कारण सफल भएको कुरा उल्लेख गरेका छन् । यसमा 'पापड' बाहेकका नागरिक समाजका संस्थाहरू जस्तैः सञ्चार माध्यम, उद्योगी व्यवसायी, आदिको पनि महत्वपूर्ण भूमिका रहेको उल्लेख गरिएको छ । खासगरी यस आलेखमा नागरिक समाजले अविचलित र निरन्तर रूपमा नागरिकका आवाजलाई मुखरित गरि राख्नु नै महत्वपूर्ण भूमिका रहेको कुरा चर्चा गरिएको छ। यसैगरी विगत केही समययताका चर्चित मुद्दाहरू तथा राज्य संयन्त्रका कदमका पक्ष विपक्षमा विभिन्न तह तप्काका नागरिकहरू स्वतन्त्र र स्वस्फूर्त ढंगले अविचलित परिचालित भई राज्य संयन्त्रलाई बढी जवाफदेही बनाउन र निर्णयहरूको समीक्षा गराउन सफल भएका छन्। यी उपलब्धिहरूलाई नागरिकमैत्री यदि मान्ने हो भने यस अर्थमा जो जो यो पुण्य कार्यमा सहभागी भए तिनलाई नागरिक समाजका असली प्रतिनिधि मान्न सकिन्छ होला। आइरिस गैसस महासंघ (डोचास) ले सन् २००१ मा प्रकाशन गरेको 'सुशासन र नागरिक समाजको भूमिका' भन्ने आलेखमा नागरिक समाजलाई नागरिक र सरकारका बीचमा रहेर नागरिकका असमानता, गरिबी र मानवअधिकारका सवालहरूलाई उठान गर्ने र सरकारलाई यी विषयमा जवाफदेही बनाउन पैरवी गर्ने संस्थाका रूपमा परिभाषित गरेको छ ।

यस व्याख्यामा आधारित भएर हेर्दा माथि उल्लेख भएका केही प्रतिनिधिमूलक राजनीतिक तथा सामाजिक मुद्दाहरूमा नेपाली नागरिकका आवाजहरू मुखरित हुन सके र कतिपय मुद्दाहरूमा राज्य जवाफदेही भएको महसुस गराउन सके। त्यो मानेमा संलग्न सबैलाई नागरिक समाजका असली प्रतिनिधि मान्न सकिन्छ । यति कुरा गरिरहँदा हाम्रो परिवेशमा अहिलेसम्मको बुझाइमा को नागरिक समाज हो र को होइन र वर्तमान परिप्रेक्ष्यमा यसको बदलिँदो स्वरूप कस्तो छ भनी चर्चा गर्न पनि आवश्यक हुन्छ। पहिलो कुरा, २०४७ सालयता संगठित संस्थाहरूको संख्या बढ्दै गयो र प्रायः ती संस्थाहरूले आफूलाई र अरूले पनि ती संस्थाहरूलाई नागरिक समाजको प्रतिनिधि मान्ने प्रचलन बढ्यो। संघसंस्था ऐन, राष्ट्रिय निर्देशक ऐन, सहकारी ऐन र उद्योग व्यवसाय दर्ता ऐनमा दर्ता भएका सबै संगठनहरू नागरिक समाज नै हुन् भन्ने विषयमा धेरै द्विविधा राख्नु हुँदैन। दोस्रो जनआन्दोलनमा यी सबै किसिमका संस्थाहरू नागरिक समाजको ब्यानरमुनि परिचालित थिए, तापनि त्यो तत्कालीन अवस्थामा सरकारमा रहेका भन्दा बाहिरका सबै आम नागरिकको चासो भएका कारण सबै सामेल हुन गएका हुन् । जब यी विभिन्न प्रकारका संस्थाहरूले आम नागरिकको चासोको विषयमा ती गरिब नागरिकका आवाजहरूलाई निःस्वार्थ मुखरित गर्ने र राज्यलाई खबरदारी गर्नेछन् तब यी संस्थाहरू नागरिक समाजका प्रतिनिधि हुनेछन । तर निश्चित स्वार्थ तथा उद्देश्य बोकी कुनै विशिष्ट आर्थिक सामाजिक मुद्दालाई मात्र अँगाल्दा आम मानिसका चासोका विषयहरूमा आफू सबैको प्रतिनिधि हुन नसक्ने अवस्था आउन जान्छ। यसरी सबैको प्रतिनिधि हुन नसक्दा ती संस्थाहरू कसरी एक स्वतन्त्र र स्वस्फूर्त ढंगले नागरिक समाजको कित्तामा उभिन सक्छन र सकिन्छ भन्ने प्रश्नको जवाफले ती संस्थाहरू नागरिक समाज हुन कि हैनन् भन्ने कुरा खुट्याउँछ।

दोस्रो कुरा, के यसरी कुनै न कुनै कानुनमा बाँधिएर संगठित संस्थाहरू मात्रै नागरिक समाज हुन् या यसमा केही बदलाब आएको छ भन्ने कुरा चर्चा गर्न जरुरी छ। यस प्रसंगमा हामीकहाँ भएका ठूला-ठूला परिवर्तन तथा घटना परिघटनाहरूलाई संश्लेषण गर्ने हो भने जति योगदान यी संगठित संस्थाहरूको रहेको छ त्यति नै योगदान स्वतन्त्र व्यक्ति तथा अनौपचारिक संस्थाहरूको पनि रहेको पाइन्छ। उदाहरणका लागि ०६२र ०६३ को आन्दोलनमा नियमित १९ दिनसम्म सडक प्रदर्शनमा आउने सबै व्यक्ति राजनीतिकर्मी, गैससकर्मी, सञ्चारकर्मी वा उद्योगी व्यवसायी मात्र थिएनन् । अलिकति राजनीतिक सामाजिक सचेतना भएका आम नागरिक पनि यस कार्यमा सहभागी भए ।

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
सह–सम्पादकःपंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरःदिलिपकुमार शाही
बजार ब्यवस्थापकःविक्रम शाही
कार्यालयः खााडाचक्र नपा–१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# भाँच्चिएको नभई हल्का बांगिएको हो मेरो कलम

चित्रसिंह गाउँले

अहिले म सक्रिय राजनीतिमा छु । माओवादीसँग म क्रियासिल पार्टीको एकता पनि हुँदैछ । मेरो इच्छा निरन्तर को राजनीति मार्फत जनताको मुक्तिमै लागिराख्ने छ । यधपी बिगत द्वन्द्वकालमा पत्रकारिता गरिरहँदा बखतको स्मरण संक्षेपमा सम्झिन चाहन्छु । द्वन्द्वकालको पत्रकारिता भित्रका रोचक सबै स्मरणलाई भने संक्षेपमा समेट्न सकिने छैन । समाचार संकलनमा जादे क्रममा २०५९ मा सुर्खेत सदरमुकामदेखि साटाखानी गयौं । माओवादी ले बोलाएको त्यहाँको पत्रकार सम्मेलनमा पत्रकारलाई साथमै लिन सानो कागजमा चिठी ल्याएर दुई जना बालछापामार आएका थिए । साथमा गएका हामी पत्रकारलाई ती वालछापामार ले दुई घण्टामै पुगिने साटाखानी पुग्न करिब एकदिन लगाइदिए । थकित अवस्थामा कठिन बाटोबाट भोकभोकै साटाखानी पुगेपछि माओवादी सँग भेट भयो ।

सुरुमा छेउवाटै परिचय थालनी भयो।अरु पत्रकार साथिहरुले परिचय दिए । मेरो परिचय दिने पालो मात्र बाँकी रहेको थियो । मलाई उछिन्दै एकजना माओवादी नेताले चित्रसिंह गाँउले किन आउनु भएन भनी पत्रकार टिमलाई सोधे । पत्रकार दुर्गा थापाले जवाफ फर्काउदै विस्थापितको छोरी विहे गरेको र माओवादीवारे डरै नमानी लेख्ने गर्छन त्यही भएर आउन नमानेको होलान भने । अनि मेरो परिचय सुरु गरे र भने म अमरराज सिंह भर्खर पत्रकार भएको छु । त्यसपछि माओवादी नेताको परिचय लियौं र पत्रकार सम्मेलन अघि बढ्यो । सम्मेलनमा मैले चिनेका हाल सांसद बिन्दमान विष्टकोपनि उपस्थिति त्यहीं थियो।सुर्खेत जिल्लामा अखिल क्रान्तिकारीले गरेको नीजि स्कुल बन्द सम्बन्धमा मुख्य विषय थियो त्यो पत्रकार सम्मेलनको । पत्रकार सम्मेलन सकिएपछि नास्ता खान आग्रह आयो आयोजक माओवादी पक्षबाट । नास्ताको लागि आग्रह आएका हामी पत्रकार भने खानै नखाई भोका थियौं । पेटमा जति भोक भएतापनि हामीले नास्ता खाने कुरा सामुहिक अस्वीकार गर्यौं । खिर र रोटी हो हजुर अत्यन्त राम्रो छ खानुहोस भन्ने फेरि आग्रह आयो । हामीले हैन हामी खादैनौ हाम्रो नीतिले समेत दिदैन भन्यौ । हुनपनि सेना,प्रहरी र माओवादी तिरका कार्यक्रममा नखाने पत्रकार होलान भन्ने वुझेर अन्तिममा धेरै कर नगरी हामीलाई विदाइ गरियो।विदाइका क्रममा धन्यवाद दिदै मैले चित्रसिंह गाँउले म नै हुँ भने । माओवादीहरुले तपाईं त भखैरैको हुनुहुंदो रैछ हामीले त सारै बूढो पो होलान भनेर आएननकि सोच्यौ भन्दै क्षमा मागे।हामी विदा भएर सुर्खेत वजार आयौ । सुर्खेतमरै पत्रकार भैरहँदा माओवादी नियन्त्रणमा रहेका कमरेड ऋषिप्रसाद शर्मा सहित नेकपा (एमाले) सुर्खेतका २७ जना नेताहरुको रिहाइको लागि पश्चिम सुर्खेतको कुनाथरी क्षेत्रमा पुग्यौ । माओवादी नेताहरु सँग वार्ता गर्दा हाम्रा सामु नियन्त्रणमा राखेकै छैनौं भन्ने गरे । तर एमाले नेताहरू सुर्खेत सदरमुकामको बाटो तय गर्ना साथ अगाडि रोक्ने प्रयास सुरु गरे । हामी पत्रकारको टोलीले बाटोमा स्कटिङ गर्दै अपहरणमा रहेका नेताहरु रिहा गर्न सफल भयौ । हामी केही पत्रकारहरु लाई एमालेको खोल ओढेका पत्रकारको आरोप समेत लगाएर चेतावनी पनि दिए।परिणामस्वरूप केही समयपछि पत्रकार दुर्गा थापालाई नियन्त्रणमा लिएर कठिन प्रयासवाट रिहाइ गरायौं।सरकारी प्रशासन विशेषगरी तत्कालीन सुर्खेतका प्रशासकवाट झनै हैरानी खेपेका थियौं हामीले । दैलेखमा पत्रकार भैरहेका बखत पनि द्वन्द्वको वलिरहेको आगोमा हात हाल्ने काम जारी रह्यो । सैन्य गुल्मवाट हतियारसहित फरार भई माओवादीमा प्रवेश गर्ने सेनाको समाचारपनि छाप्ने कार्य गरियो । माओवादीहरुको प्रतिकार अभियानमा दैलेखका महिलाको वीरताको पनि उजागर गरियो । नौमुलेमा सेनाको गतिविधि विरुद्ध माओवादीवाट गरिएको आमसभा र पत्रकार सम्मेलनमा पत्रकार डेकेन्द्र थापा सहित हामी सहभागी भयौ । दिउसो आमसभा र राति पत्रकार सम्मेलन भयो ।

नौमुलेको पत्रकार सम्मेलनमा बेलुकी समयमा डेकेन्द्र जी राति केही समय हामीविच नभएपछि निकै खोजाखोज भयो र अन्तमा हामीले फेला पारेर पत्रकार सम्मेलनमा सहभागी भयौ । भोलिपल्ट विहान विदाईका साथ अविरमालासहित दैलेख वजारतर्फ लाग्यौ । सदरमुकाम पुग्नै लाग्दा वजारमा सेना भेटिएर सोधपुछ गर्ने भएकाले सोत्खोलामा अविर पखाल्यौ । दैलेखमा रहँदा वजारको पानीलाइन काटेर माओवादी ले सृजना गर्ने समस्या र विकास निर्माणका कार्यक्रम सञ्चालनमा पुर्याएको अवरोध हटाउन हामी सफल हुने गरेका थियौं । जुम्ला वोतामालिका र विराट सिंजादेखि माओवादीले विस्थापित गरेका सिंगो वस्तिहरु पुनःस्थापना गर्न कम कठिन थिएन । जुम्लावासी घर फर्केपछि राजधानी र हिमाल खवरमा दिन फिरे जुम्लीका शिर्षकको समाचार खुवै सम्झन लाएक छ । सुर्खेत राकमकर्णाली मा दोहोरो भिडन्तमा जलेको वस्ती अनि गोलीले आँखा गुमाएका निर्दोष किसानको पीडावारे रकेटलञ्चरले रुवायो शिर्षक समाचार आजपनि मनसपटलमा छ । अछाम विनायक घटनाको समाचार संकलनमा जादा कुचीमा बाँस नपाएका कारण बिना खाना गाँउको परालीखातमा रात कटाउन बाध्य भएका थियौं । पिलि घटनापछि सेनाले मलाई सुर्खेतबाट कालिकोट आउन रोक लगायो । आफुले जित्न नसकेको घटनास्थलमा पत्रकार उपस्थित हुन नदिने सेनाको प्रयास र हने गर्दथ्यो । यातायातका साधन सञ्चालनमै नरहेको अवस्थामा म पैदल मार्ग भएर तल्लोडुंगेश्वर हुँदै राकमकर्णाली भएर मान्म पुगे । मान्मदेखि जिल्लामा रहेका केही पत्रकार साथमा लगेर म पिली पुगे । पिली पुग्दा पुरै गाउँ गन्हाएको थियो । सेना र प्रहरीको संख्या बढाइएको थियो । मृतक दुवै पक्षका शवहरु पिलीकोट,तलसेरा मात्र नभई सिम्लेगाड सम्म भेटिने गर्दथे ।

पिलीवाट फर्केपछि माओवादी नियन्त्रणमा रहेका सेनाको अवस्था फोटोसहित सुर्खेतबाट मैले छाप्ने कर्णाली पोष्टमा सुरुमा प्रकाशित गरेपछि अन्य राष्ट्रिय सञ्चार माध्यमका साथै विविसीमा मेरो पत्रिकालाई आधार मानेर समाचार प्रशारित भयो।संकटकाल जति चुनौतीपूर्ण थियो समाचार लेख्न र प्रकाशित गर्न जोखिम भएपनि आनन्द समेतको महसुस हुन्थ्यो । पत्रिकाको पहिलो पेजमा मुख्य समाचार भई रेडियोमा प्रशारित भएर टेलिभिजनमा देखिदाको आनन्द फुटबलमा गोल गर्न सकेजस्तै लाग्थ्यो । मेरो पत्रकारितामा नयाँ र रोचकपन सबैभन्दा बढी कर्णालीकै भाषाको रैवार ले दिने गरेको थियो । रैवारका कारण पत्रिका छापिने दिन छापिनु पहिल्यै पाठक र ग्राहक पत्रिका कार्यालयमा भिड लागिसकेका हुन्थे । प्रतिगमनकालमा राजा ज्ञानेन्द्र लाई तम्मा खोराउदो

बाँकी ८ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**जिल्ला समन्वय समिति कालिकोट**

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**

## मनोरञ्जन

# मलाई किन तिम्रो माया सार्वजनिक

### ‘प्रेम दिवस’लाई लक्षित गर्दै सागरको

प्रेम दिवस अर्थात भ्यालेन्टाइन डे नजिकिदै गर्दा गायक सागर आलेले एक गीतको भिडियो सार्वजनिक गरेका छन्। ‘मलाई किन तिम्रो माया’ बोलको गीत सार्वजनिक गरेर आलेले प्रेम दिवसलाई विशेष बनाउन खोजेका छन्। राज खड्काको शब्द तथा सहेको गीतमा सुमिना लोकोको पनि स्वर छ। सुवास नेपालले यो भिडियोको निर्देशन गरेका हुन्। भिडियोमा राज खड्का र जुना सुन्दासको मोडलिङ छ।ज्ञानेन्द्र शर्माको छायांकन रहेको भिडियोमा विष्णु खड्काको सम्पादन, ओजस्वी साउदको कोरियोग्राफी छ।

# नीताको खुलेको पहिरन




यस्तो लाग्दैछ, काठमाण्डौको जाडो नेपाली चलचित्रका नायिकाहरुका लागि सकिएको छ। फागूणसम्म काठमाण्डौमा जाडो नै हुने गरेतापनि नायिकाहरुका लागि भने माघको मध्य महिनामै जाडो सकिएको छ। केहि दिन अगाडि नायिका बर्षा सिवाकोटीको पहिरन हेर्दा यस्तै अनुमान गर्न सकिन्थ्यो। अब, नायिका नीता ढुंगानाले मंगलबार आयोजना भएको ‘कामना फिल्म अवार्ड’मा लगाएको पहिरन हेर्दा यसै भन्न सकिन्छ। नायिका ढुंगानाको पहिरनको माथिल्लो भाग धेरै हदसम्म खुलेको थियो। खुलेको पहिरनमा नीता सहज महशुश गरिरहेकी थिइन्। पूर्व प्रेमी आमेष भण्डारीको साथमा २ बर्षपछि एकसाथ मिडियामा इन्टरभ्यु दिएकी नीता थोरै अत्तालिइन्। तर, पहिरनको हकमा भने उनी बोल्ड हुँदै गएको प्रष्ट थियो।

## स्वास्थ्य

# अनुहारको सौन्दर्य जोगाउने यस्तो छ काइदा

चिसो एवं सुख्खा हावा। त्यसमाथि प्रदूषण। छालाको सौन्दर्यलाई यस्तो प्रतिकुलताबाट जोगाउन गाह्रो हुन्छ। किनभने, यो मौसममा हावा सुख्खा हुन्छ। त्यसले छालाको नरमपन पनि नष्ट गरिदिन्छ। अर्कोतिर धुलो र धूँवाले छालालाई हानी पुर्‍याउँछ। त्यसैपनि प्रदूषणले छालालाई असर गरिरहेको हुन्छ। काठमाडौं जस्तो शहरी क्षेत्रमा धुलो(धूँवाको चाप अत्याधिक हुने भएकाले उपाय अपनाउन सकिन्छ, जसले छालालाई रोगमुक्त राख्छ । (सुख्खा हावा तथा हावामा रहेको विषाक्तताका कारण छाला चाडै सुख्खा हुने गर्छ। जसले गर्दा वायुमा रहेको विषक्तता शरीरमा सिधै प्रवेश गर्छ। राम्रो कम्पनीको क्लिन्जरको प्रयोगले छालामा भएको विषाक्तता हटाउछ र छालालाई सफा राख्छ। (प्रशस्त मात्रामा पानीको सेवनले छाला सुख्खा हुन पाउदैन। पानीले



छालामा संक्रमण निम्त्याउन सक्छ। यस्तो अवस्थामा छालाको सफाई सँगसँगै त्यसलाई रसिलो र नरम राख्नुपर्ने हुन्छ। वायु प्रदुषणबाट छालालाई सुरक्षा गर्न तथा छालालाई नरम र मुलायम बनाउन लोसन तथा क्रिमको प्रयोग गरिन्छ। जबकी त्यतिले मात्र छाला सुरक्षित रहदैन। छालामा एक प्रकारको रक्षात्मक तत्व हुन्छ, जसले वायुमा लुकेको फ्याट एवं चिल्लोबाट छालालाई सुरक्षा प्रदान गर्छ। त्यसैले यी रक्षात्मक तन्त्रलाई बलियो बनाउनको लागि यस्ता शरीरमा भएको विषाक्ततालाई सफा गरेर छालालाई स्वस्थय राख्न मद्दत गर्छ। पानीले पेटको कब्जियत हटाएर शरीर सुख्खा हुन दिदैन। (छालालाई सफा र स्वस्थ्य राख्न स्किन टोनरको भूमिका महत्वूर्ण रहने गर्दछ। यसले छालाको तेल र धुलोलाई हटाएर छालालाई कुनै प्रकारको विषाक्तता रहन दिदैन। (यस्ता टोनर शरीरको जुनसुकै अंगमा पनि लगाउन सकिन्छ। दिनमा दुई पटकसम्म हल्का हातले टोनरलाइए छालामा स्क्रब गर्नाले छाला धुलो तथा तेलमुक्त रहन्छ।


लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

# स्थानीय तहमा डोजर आतंक............

कसैसँग नभए पनि स्थानीयका अनुसार ठूला ठेकेदार, राजनीतिक दलका उच्च नेताहरूले स्थानीय तहमा आफ्ना कार्यकर्तामार्फत डोजर परिचालन गरि रहेका छन् ।

**रोजगारी गुम्यो**

स्थानीय तहले जथाभावी रूपमा डोजर को प्रयोग गर्दा स्थानीय तहमा आएको विकासे रकम दुरुपयोग हुनुका साथै स्थानीयको रोजगारी समेत गुमेको



स्थानीयको भनाइ छ । सिंहदरबार गाउँगाउँमा आएपछि रोजगारीको अवसर पनि गाउँगाउँमा आउने आशा गरेका थियौं, तर गाउँगाउँमा आएको सिंहदरबार डोजरका मालिकलाई मात्र आएको रास्कोट नगरपालिका–५ का लजवीरे सुनार बताए । काठमाडौंको सिंहदरबार गाउँगाउँमा आयो भनियो, उनले भने, यो सिंहदरबार दलाल र ठूलाठालुका लागि आएको रहेछ ।

**कर्णाली राजमार्ग जोखिममा**

जथाभावी प्रयोग गरिएको डोजरका कारण कर्णाली राजमार्ग जोखिम परेको छ । कर्णाली राजमार्ग आसपासबाट डोजरमार्फत सडक निर्माण गर्दा आएको पहिरोका कारण कर्णाली राजमार्ग जोखिममा परेको हो ।

कर्णाली राजमार्ग आसपासमा जथाभावी डोजरको प्रयोगले गर्दा कर्णाली राजमार्गमा पहिरोले जोखिम बढ्दै गएको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ । स्थानीय तहका जनप्रतिनिधिहरूकै मिलेमतोमा डोजर को प्रयोग भए पनि स्थानीय जनप्रतिनिधि भने यसबारे बोल्न चाहेनन् ।

# सडक हस्तान्त्रणपछि............

नेपालका सडक संजालबाट बन्चित भएका मध्य र सुदुर पशिचमका विभिन्न जिल्लाहरुमा श्रममा आधारित, प्रयोग विनानै अधिकतम स्थानियश्रोत, साधन, र जनशत्तीको प्रयोग गर्दै सडक निर्माण कार्य गरिएको छ । स्थानीय



वातावरण मैत्री, सभागितात्मक पद्दतीद्धारा संचालन गरिएको ग्रामिण पहुँच कार्यक्रमका कार्यक्रम अधिकृत सुनीलबाबु श्रेष्ठले बताए । कुनै पनि बिष्फोटक पदार्थत र उपकरणहरुको मा प्रयाप्त मात्रामा रोजगारीको सृजनागर्दै विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायहरुको जीवनस्तरमा महत्वपूर्ण परिवर्तन ल्याउने उद्देश्यले आयोजना लागु भएको हो ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउा र नखुऔा ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔा ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔा ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौा, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउानुहोस् ।


नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला स्वास्थ्य कार्यालय कालिकोट

# अन्तराष्ट्रिय न्यूज

## यी हुन् भारतका गरिब मुख्यमन्त्री

**मिसन न्युज**

त्रिपुरा– मानिक शंकर चार कार्यकाल भारत त्रिपुराको मुख्यमन्त्री भइसके । अब पाँचौं पटक मुख्यमन्त्री बन्ने दौडमा



छन् । तर, उनीसँग न जमिन छ न घर। उनीसँग ३ हजार ९३० भारु नगद छ । उनको कहिल्यै आयकर तिरेका छैनन् । सीपीआई एमका नेतासमेत र हेका मुख्यमन्त्री शंकरले आफ्नो तलब पार्टीलाई दिन्छन् र निर्वाह भत्ता ५ हजार बुभ्छन् । ६९ वर्षीय नेतासँग १५२० भारु छ भने उनको बैंक एकाउन्टमा २ हजार ४१० भारु छ। उनको अरु कुनै बैंक बचत छैन । उनलाई भारतकै सबैभन्दा गरिब मुख्यमन्त्री मानिन्छ । उनकी पत्नी पांचाली भट्टाचार्य केन्द्र सरकारको अवकास प्राप्त कर्मचारी हुन् । उनीसँग २० हजार १४० भारु नगद छ भने १ लाख २४ हजार १०१ र ८६ हजार ४७३ भारु दुई फरक(फरक बैंकमा छ। उनको तीन फिक्स डिपोजिट २ लाख, ५ लाख र २.२५ लाख छ भने २० ग्राम गहना छ । उनको नाममा ८८८.३५ स्क्वायर फिट जमिन छ भने त्यहाँ निर्माण कार्यमा १५ लाख लगानी गरेकी छन्। यो जमिनको अहिलेको मूल्य २१ लाख भएको शंकर ले आफ्नो मनोनयन पत्रमा उल्लेख गरेका छन् ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

**मिसन न्यूज**
**राष्ट्रिय साप्ताहिक**

www.missionenews.com


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२


## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# विप्लव निकट जनस्वयमसेवकको अभियान

**मिसन न्यूज**

**कालिकोट** –नेपाल कम्युनिष्ट पार्टी निकट राष्ट्रिय युवा जनस्वयमसेवकले जनयुद्ध स्थापनाको अवसरमा आगामी फागुन १ गते सडक उद्घाटन गर्ने तयारी गरेको छ। बुधवार सदरमुकाम मान्ममा पत्रकार सम्मेलनको आयोजना गरि सो कुरा जानकारी गरिएको हो। नरहरिनाथ गाउँपालिकाले उक्त सडकको टेन्डर आव्हान समेत गरिसको छ। गाउँपालिकाले टेन्डर आव्हान गरे पनि खोसेर आफ्नो पार्टीले काम सूरु गर्ने जनस्वयसेवकले बताएका छन्। जिल्लाको खुलालु देखि माल्कोट हुँदै रुप्सासम्म करिव ९ किलोमिटरको लम्बाई भएको सडक उद्घाटन गरिने जानकारी गरिएको छ। पत्रकार सम्मेलनमा जनस्वयमसेवकका कर्णाली इन्चार्ज दिनेश विकले राष्ट्रघाती सन्धि सम्झौताका विरुद्ध संगठनले ससक्त रुपमा आवाज उठाउने बताए। राष्ट्रिय युवा जनस्वयमसेवक जिल्ला कार्य समिति कालिकोटले जिल्लाका सवै गाउँमा मदिरा नियन्त्रण गर्ने समेत भएको छ। जिल्लामा हुने भ्रष्ट्राचार, कालो बाजारी, महंगीका विरुद्ध संघर्स गर्ने, समाजमा व्याप्त विकृतिका विरुद्ध र पार्टी कार्यकर्ता र जनतालाई प्रतिसोधका आधारमा प्रतिवाद गर्ने बताइएको छ। यहि १५ गतेबाट सुरु भएको तिन महिने जन जागरण अभियानलाई जिल्लामा पनि निरन्तरता दिएर संगठन विस्तार गर्नेलगाएत १० बुद्धे प्रस्ताव सार्वजनिक गरिएको छ। एकिकृत जनक्रान्तिको नामा बम हान्ने काम किन हुन्छ ? भन्ने पत्रकारको प्रश्नमा, विश्वमा सवैभन्दा सस्तो बजार र व्यापार बम भएको संगठनका कर्णाली इन्चार्ज दिनेशले बताए।



# घुस लिँदा १३ जनालाई ..........

पहिले नै भनिएको थियो कि, मुम्बईमा रहने पति बिरामी भइरहन्थे, मरे। कसैले चासो दिएनन्। तर पतिले मर्नुअघि २७ वर्षीया पत्नीलाई छोराछोरी त दिन सकेनन् नै दिएका रहेछन् एड्स। तीन वर्षसम्म १३ समाजसेवीले विधवासँग




सम्बन्ध बनाइरहे। उनीले पनि आफूसँग भएको 'घुस' दिइरहिन्। एक जना, दुई जना होइन, १३ जना खुशी थिए। तीन महिनाअघि उनी बिरामी परिन्। प्रधानलाई भनिन्। प्रधानले उपचार गर्‍ए। तर कम भएन बिरामी। डाक्टर कहाँ गएर रगत जचाइयो। र, प्रधानकै होस उड्यो। महिलालाई त एड्स रहेछ। उनीसँग सम्बन्ध राख्ने सबै आत्तिए। अर्को मेडिकल कलेजमा गएर दोस्रोपटक रगत जचाइयो, त्यहाँ पनि रिपोर्टमा एड्स देखियो। यसपछि घुस लिइरहेका १३ जनाले पालैपालो रगत जचाए, सबैलाई एड्स थियो। अर्थात् एउटा अबला नारीलाई शोषण गर्नेहरुले पनि घुस लिएको लुकाउनै मिलेन। गाउँभर हल्ला मच्चियो। जजसले महिलालाई शोषण गरेका थिए, सबैमा एड्स भेटियो। केही किलो अन्नका लागि १३ जनासँग सुल्तप्र्यो महिलाले।

यो घटनाले भारतमा घुसविना काम नै हुँदैन भन्ने पुष्टि गरेको छ। एउटा विधवा महिलाले रासन कार्ड र विधवा भत्ताका लागि कति घिनलाग्दा सरकारी अधिकारीसँग संगत गर्नुपर्छ भन्ने देखाएको छ। भारत भ्रष्टाचारमा कति लिप्त रहेछ भन्ने कुरा लुकेको छैन। र, जस्तो कर्म उस्तै फल भनिन्छ। अझ यही जन्ममा त्यस्तो फल मिलेको छ १३ घुसखोरलाई। महिलाले पनि पहिल्यै पतिको मृत्यु कसरी भयो भन्ने जान्नुपर्थ्यो, १३ जनासँग सम्बन्ध बनाउँदा सुरक्षाको साधन अपनाउनु पर्थ्यो, धन्न उनी गर्भवती भइनन्।


## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाा सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

मिसन न्यूज | २०७४ माघ १७ गते बुधबार | 31 january 2018 Wednesday | अन्तिम पृष्ठ | ८

## भाँच्चिएको नभई हल्का बांगिएको हो..............................

नौकरा वुन्चरो डुवाएपनि झाल मर्नेनाई धेउके माहिला बाउजुअए भनेर राजालाई समेत रैवार छापियो । सिडीयोलाई नदेखाई समाचारपत्रिका छाप्न नमिल्ने सेन्सरको समयमा सिडीयोका आँखा छल्न र प्रतिगमनको भण्डाफोर गर्दै जनता जगाउन रैवारले साथ दियो । रैवार सत्तामा रहेका सवै शिर्ष नेतालाई पनि लेखियो। साथै विद्रोही पक्षका प्रचण्डका साथै यश क्षेत्रका अरु नेताहरूलाई पनि झटारो बन्यो । पत्रकारिता १९ दिने जनआन्दोलनको निकट सम्म निकै क्रियाशील रह्यो । त्स समयमा मध्यपश्चिमकै पहिलो संध्याकालीन दैनिकपनि मैले सुर्खेतबाट प्रकाशित गरि राखेको थिए । जब आन्दोलन समयमा निरंकुश शाषकहरु छापिएका अक्षर नदेख्ने र वोलेका आवाज नसुन्ने भएपछि व्यावसायिक पत्रकारिता लाई पर राखेर निरंकुशता विरुद्ध भौतिक उपस्थिति प्रकट गर्न म लालझण्डा समाएर नेकपा (एमाले)को सक्रिय कार्यकर्ता बने।अहिलेपनि गुगलले मेरा समाचार सुरक्षित रुपमा देखाइरहेको छ। राष्ट्रिय सञ्चार माध्यमका अग्रज पत्रकारहरुका वीच मेरो सम्बन्ध र प्रभाव यथावत छ। राष्ट्रिय भूषण पत्रकारिता पुरस्कार का साथै राजधानी उत्कृष्ट सम्वाददाता पुरस्कार जस्तै धेरै पुरस्कारले पत्रकारिता को सम्झना दिलाइ राख्ने काम गरेको छ। कालिकोट मा पत्रकार महासंघको शाखा स्थापनामा खेलेको भुमिकाले आज कालिकोटको पत्रकारिता मजवुत बनेको छ। आफैले तालिम दिएका पत्रकारहरु आज राष्ट्रिय मिडियामा स्थापित भएका छन । मेरो राजनीतिक यात्रामा पनि उत्साह थप्दै आएका छन । मेरो लेखन विचमा रोकिन पुगेकोमा नरोक्न सुझाव दिइर हेका छन। माइक र कलमको सन्तुलन मिलाउने प्रयासमा म आफ्नो ध्यान केन्द्रीकृत गर्दैछु । कलम भाँच्चिएको नभई बाङ्गिएको मात्र महसुस गर्दै बाङ्गै कलमलेपनि कर्णाली र कर्णालीवासीका आवाज सार्वजनिक गर्ने प्रयत्न कहिल्यै रोकिने छैन। बांगिएको कलम साच्चिकै यो समाजका बांगिएका मान्छेहरू लाई सोझ्याउनका लागि काम लाग्नेछ । समाजमा बांगा मान्छेहरु नहुँदाहुन त मेरो कलम बांगिन र मेरो पेशा मोडिनमा कुनै रहर थिएन। लेखक नेकपा (एमाले) कालिकोटका सचिव हुन्।


**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्यक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

**ईमेल ciaasurkhet@gmail.com**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

## जिल्ला वन कार्यालय कालीकोटको सूचना

यस जिल्लाको राष्ट्रिय वन तथा सामुदायिक वनहरुमा वन्यजन्तुहरुको चोरी शिकारी गर्नेहरु विभिन्न प्रकारले सक्रिय रहेको भन्ने बुझिन आएको हुदाँ यस्तो कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ विरुद्ध भएकोले यस्ता कार्य गर्नेहरु उपर कडा कारबाही भइजाने व्यहोरा समयमै जानकारी गराइन्छ । साथै सामुदायिक वन उपभोक्ता समूहहरु तथा संघ संस्थाहरुलाई यस्ता कार्य गर्ने गराउनेहरुलाई निरुत्साहीत गर्न र त्यसको सुचना पाइएमा नजिकको वन कार्यालय वा प्रहरी कार्यालयमा जानकारी गराउन समेत अनुरोध छ ।

याद राख्नुहोस : वन्यजन्तु चोरी निकासी गर्नेलाई ५ वर्षसम्म कैद र १५ लाख रुपैयाँ सम्म जरीवाना वा दुबै हुन सक्छ ।

**जिल्ला वन कार्यालय कालीकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं।**

**जिल्ला स्वास्थ्य कार्यालय कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**जिल्ला समन्वय समिति कालिकोट**